**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**छिन्नमस्ता गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः.११ मितिः २०७९/११/०२

**भाग-२**

**छिन्नमस्ता गाउँपालिका**

## कृषक समूह/समिति दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि-२०७९

आज्ञाले,

ललन कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत

# कृषक समुह /समिति दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि,२०७९

स्वीकृत मिति :

२०७९।११।०२

छिन्नमस्ता गाउँपालिका (कार्यपालिका स्तर)

छिन्नमस्ता गाउँपालिका
सप्तरी
मधेश प्रदेश
नेपाल

# कृषक समूह/समिति दर्ता तथा नविकरण (कार्यविधि २०७९)

प्रस्तावना : यस छिन्नमस्ता गाँउपालिका क्षेत्र भित्रका कृषकहरुको समुह/समिति परिचालन गर्न क्रियाशिल बनाउन सरकारी, गैरसरकारी/संघ संस्थाको कार्यक्रम संचालन समूह/समिति अद्यावधिक गर्न निश्चित किसिमका (खाध्यान बाली, तरकारी, मसला,फलफुल, आलु, नगदे बाली आदि) उत्पादन उद्देश्यका लागि समूह/समिति गठन गरी उक्त समूह/समिति दर्ताका लागि यो समूह/समिति दर्ता तथा नविकरण कार्यविधि २०७९ तैयार गरिएको छ ।

(क) संक्षिप्त नाम र प्रारम्भः

१. यस कार्यविधिको नाम "समूह/समिति फर्म दर्ता तथा नविकरण कार्यविधि २०७९" रहनेछ।

२. यो समूह/समिति दर्ता नविकरण कार्यविधि २०७९ कार्य पालिकाको स्वीकृत मिति देखि तत्काल लागु हुनेछ ।

(ख) परिभाषाः समूह समिति दर्ता नविकरण कार्यविधि २०७९ अर्को अर्थ नलागेका निम्न अनुसार पारिभाषित गरिएको छ ।

१. समूहः निश्चित कृषक ( खाध्यान बाली, तरकारी, मसला,फलफुल, आलु, नगदे बाली आदि ) निश्चित उत्पादन उद्देश्यका लागि नगर क्षेत्रका गाउँ/टोल वडा भित्रका महिला/पुरुष वा मिश्रित रुपमा भेला भइ छलफल गरी समूह निर्माण गठन भएको जमातलाई समूह मानिनेछ ।

२. समितिः गाउँ/वडा तथा गाउँपालिका क्षेत्र भित्रका विभिन्न समूहहरु सहभागि समन्वय गराइ गठन गरी बनाइकालाई समिति मानिनेछ ।

३. समूह/समिति गठनः वडा, गाउँ, टोलका कृषकहरु भेला भइ समूह/समिति संचालन, कार्यन्वयन सक्रियताका लागि पदाधिकारीहरुको छनौट गरी समूह/समिति गठन गर्न सक्नेछन् ।

(ग) समूह गठन प्रक्रिया पदावधि तथा क्रियाकलापः देहाय बमोजिम समूह गठन प्रक्रिया, पदावधि र क्रियाकलाप हुनेछन ।

१. निश्चित किसिमका खाध्यान/तरकारी उत्दपादनका लागि आफनो गाउँ/टोल वडाका कृषकहरु भेला भई छलफल चलाई समूह गठन गर्न सकिनेछ ।

२. समूह निर्माण गर्दा पायक पर्ने, विचार उद्देश्य मिल्ने सम्भव भए सम्म

नजिकका कृषकहरु वीच समूह गठन गर्न सकिने छ ।

३. एक समूहमा १५ देखि २५ जना सम्मको सहभागी सदस्यहरु राख्न सकिनेछ ।

४. समूह बनाउदा सम्भव भएसम्म समानुपातिक किसिमको, दलित, जानजाति, महिला, पुरुषहरुको समूह निर्माण

५. यस्ता समूह बनाउँदा/महिला/पुरुष/मिश्रित पनि बनाउन सकिन्छ ।

६. समूह निर्माण गर्दा कृषकहरु आफै स्वत: स्फुर्त ढंगले वा गैर सरकारी/सरकारी संघ संस्थाको सहयोगमा निर्माण गर्न सकिनेछ ।

७. समूह निर्माण गर्दा विधि अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य सदस्यहरु हुने गरी समूह गठन गर्न सकिन्छ । कम सहभागी सदस्य संख्या भएको समूहमा उपाध्यक्ष राख्न आवश्यक हुने छैन ।

(घ) समूह/संचालन विधि प्रक्रिया:-

१. समूह निर्माण पश्चात प्रत्येक महिनाको निश्चित गरिएको मिति स्थानमा नियामित बैठक संचालन गर्नु पर्नेछ ।

२. नियमित बैठकको दिन उक्त महिनामा कृषि सम्बन्धि क्रियाकलापको बारेमा छलफल चलाउनु पर्नेछ । उक्त छलफलको प्रस्ताव निर्णय, निष्कर्ष अनिवार्य रुपमा छलफल भएका विषय निर्णय पुस्तिकामा लेखन गरिनेछ ।

३. प्रत्येक सदस्यहरु तोकिएको रकम हितकोष वापत रकम अनिवार्य रुपमा जम्मा गर्नु पर्नेछ । उक्त रकम पायक पर्ने बैंक/सहकारीमा खाता खोली जम्मा गर्नु पर्नेछ । खाता संचालन गर्दा समूह अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतमा बचत खाता खोली संचालन गर्नु पर्नेछ ।

४. उक्त हितकोषको रकम विशुद्ध रुपमा कृषि कार्यका लागि सामूहिक/व्यक्तिगत ऋृण सहयोगको रुपमा लगानी गर्न सकिनेछ । उक्त रकमलाई निश्चित गरिएको न्यून व्याजदरमा लगानी गर्नुपर्नेछ । उक्त रकमका व्याज, साँवा तोकिएको समयमा बुझाउनु पर्नेछ । अन्यथा समूहले हार्जना तोकी व्याज, साँवा असुल गर्न सक्नेछ ।

५. समूहले आफूले कृषिको अभिलेख राख्नु पर्नेछ । उक्त अभिलेख स्थानिय तह सम्बन्धित शाखा सरोकारवाला संघसंस्थामा फार्म दर्ता बखत र नविकरण गर्दा बखत बुझाउनु पर्नेछ ।

६. कृषिजन्य जोखिम न्यूनिकरणका लागि कृषि विमा गर्नु पर्नेछ ।

७. समूहको संक्षिप्त विधान तयार गर्नुपर्नेछ । उक्त विधान संम्बन्धित निकाय सरोकारवाला संघसंस्थामा पेश गर्नु पर्नेछ ।

८. समूहको पदाधिकारीको कार्यअवधि २ वर्षको हुनेछ। उक्त कार्यअवधि पछि पुनः अर्को पदाधिकारी विधिपूर्वक छनौट गर्नुपर्नेछ। कुनै पदाधिकारी, निस्किय भएमा जिम्मेवारीबाट बंचित हुन चाहेमा/बंचित गर्नु पर्ने भएमा छलफल गरी नियमानुसार उक्त पदबाट वा समूहबाट बंचित गर्न सकिनेछ। अथवा कुनै पदाधिकारी गैर जिम्मेवारीपूर्ण, आचरण विपरित समूह समिति विपरित कार्य गरेमा समुह विधानमा व्यवस्था भएको आधारमा उक्त समूह/पदबाट हटाउनसकिने छ।

(ङ) समूहका पदाधिकारीहरुको जिम्मेवारी दायित्व कर्तव्य देहाय बमोजिम हुनेछ।

१. अध्यक्षः अध्यक्षता ग्रहण गर्ने बैठक संचालन गर्ने र छलफलका लागि आह्वान गर्न निर्णय लिने। कोषको जिम्मेवारी लिन समन्वय गर्ने।

२. उपाध्यक्षः अध्यक्ष नभएमा अध्यक्ष जिम्मेवारी उपाध्यक्षले गर्ने।

३. सचिवः समूहको निर्णयमा सहयोग पुर्‍याउने अभिलेख राख्ने। अन्य लेखन कार्य गर्न।

४. कोषाध्यक्षः कोषको सम्पूर्ण काम गर्ने।

५. सदस्यहरुः छलफलमा सहभागी हुने आवश्यक निर्णय विचार, मत जाहेर गर्ने।

(च) समूह/समिति दर्ता प्रक्रियाः- समूह/समिति गठन प्रक्रिया गाउँपालिका कृषि सेवा शाखामा दर्ता गर्नुपर्नेछ। समूह/ दर्ताका लागि निम्न प्रक्रिया अपनाउनु पर्नेछ।

(क) समूह/समिति विधान तयार गरी पेश गर्नुपर्नेछ।

(ख) समूहको हितकोष विवरण (जम्मा रकम, लगानी रकम, मौज्दात, नगद आदि) खाता संचालनको विवरण, वित्तिय संस्थाको नाम आदि उल्लेख गर्नुपर्नेछ।

(ग) कृषिको तथ्याङ्क विवरण पेश गर्नुपर्नेछ।

(घ)समूह/समितिको निर्णय प्रतिलिपि

(ङ) सम्बन्धित वडाको सिफारिस पत्र

(च) समूह/समिति दर्ताका लागि गाउँपालिकाले तोकेको राजश्व दस्तुर बुझाएको रसिद

(छ) तोकिएको ढाँचाको निवेदन दरखास्तमा समुह/समितिले तयार पारेको प्रमाणीत छाप सहित पेश गर्नु पर्नेछ।

(ज) समूहको पदाधिकारी भेलाको फोटो आदि

(झ) समूह नविकरणः संचालित समूह नविकरण नियमित रुपमा गर्नुपर्नेछ। समूहको सम्बन्धित कागजात र समूहको निर्णय प्रतिलिपी तोकिएको ढाँचाको

दरखास्त फाराम सहित गाउँपालिका कृषि सेवा शाखामा सम्पर्क राख्ने ।

(ञ) समुहको सधारण सभाको निणर्य र पदाधिकारी भेलाको फोटो आदि ।

(ट) समुहको नविकरण १ वर्षमा नियमानुसार गरिने छ ।

(ठ) समुहको नविकरण १ वर्ष देखी ३ वर्ष सम्मको गाउँपालिकाले तोकिएको जरीमाना लिई नविकरण गरिने छ ।

(ड) समुहको समयमा नविकरण नगराइएकोहरुलाई १ वर्ष पछि २ वर्ष सम्म रु ५००। र २ वर्ष पछि ३ वर्ष सम्मको रु.१०००। जरिवाना तिराइ नविकरण गरिने छ ।

(ढ) एक पटकको लागि यो कार्यविधि लागुभएको २०८० चैत मसान्त सम्म ३ वर्ष काटेकोलाइ रु.१५००। जरिवाना तिराइ नविकरण गरिने छ । सो पछी कुनै पनी समुहको ३ वर्ष पछिका नविकरण गर्न बाध्य हुने छैन ।

१. सम्बन्धित वडाको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२. समूहको विवरण (दलित/जनजाति/अन्य विवरण/हितकोष विवरण), कृषिको तथ्याङ्क पेश गर्नु पर्नेछ ।

३. वार्षिक आर्थिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ज) दर्ता अभिलेख : यस कार्यविधि अनुसार दर्ता हुन आएका कृषि सम्बन्धित समुह/समिति दर्ता तथा नविकरणको अभिलेख छिन्नमस्ता गाउँपालिका कृषि सेवा शाखाले निश्चित ढाँचामा राख्नुपर्ने छ ।

# समुह दर्ताको लागी निवेदन

श्रीमान संयोजकज्यू ।                                                              मितिः.........................
कृषि सेवा शाखा, सप्तरी ।
छिन्नमस्ता गाउँपालिका,सप्तरी ।

विषयः- समुह दर्ता गरी पाउँ ।

सेवामा नम्र निवेदन यो छ कि हामिहरु आफै संगठित भई.................................................................................... गा.पा.मा गठन भएको हाम्रो समुह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरीकताको प्रतिलिपी सहित यो निवेदन गरिएको छ ।

.....................................
समुह अध्यक्षको
दस्तखत
नाम :
मिति :

श्रीमान संयोजकज्यू ,
छिन्नमस्ता गाउँपालिका
कृषि सेवा शाखा, सप्तरी ।

मिति:.................................

विषय:- समुह नविकरण गरी पाउँ ।

सेवामा नम्र निवेदन यो छ कि विगत ............... सालमा समूह/समिति दर्ता गरी हाल सम्म छिन्नमस्ता गाउँपालिका वडा नं. ............ टोल............................................... मा समूह/समिति क्रियाशिल भई संचालन भई रहेकाले समूह/समितिको तपसिलका विवरण यसै साथ संलग्न गरी नियमानुसार समूह/समिति नविकरण गरी पाउँ भनि यो निवेदन पेश गरेको छौं ।

तपसिल

१. सम्बन्धित वडाको सिफारिस पत्र
२. कृषिको तथ्याङ्क विवरण
३. समूह/समितिको विवरण
४. हितकोष विवरण
५. उत्पादन अभिलेख
६. समूह/समितिको निर्णय प्रतिलिपी
७. अन्य कागजातहरु

निवेदक,
समूह/समितिको नाम:...............................
दस्तखत :
अध्यक्ष:...............................................
सचिव:.......................................................
कोषाध्यक्ष:.................................................
ठेगाना:.......................................................
सम्पर्क नं...................................................

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी